email:raptizonalhospital@gmail.com

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राप्ती प्रादेशिक अस्पताल
तुलसीपुर, दाङ

फोन नं.: ०८२-५९०५१६

प.स.- २०८२।०८३
च.नः-

# फिजियोथेरापिस्ट सहायक (Physiotherapist Assistant) - पाँचौ तह को कार्य विवरण (ToR)

१. पदको विवरण:

- पद: फिजियोथेरापिस्ट सहायक / फिजियोथेरापी सहायक
- तह: पाँचौ (सहायक स्तर)
- सेवा/समूह: स्वास्थ्य सेवा, फिजियोथेरापी समूह
- कार्यस्थल: राप्ती प्रादेशिक अस्पताल, तुलसीपुर, दाङ।
- सेवाको प्रकार: करार सेवा (पहिलो पटक २०८३ आषाढ मसान्तसम्म, त्यसपछि कार्यसम्पादन मुल्यांकन र अस्पतालको आवश्यकताको आधारमा ६/६ महिना म्याद थप गर्न सकिने

२. न्यूनतम योग्यता र अनुभव:

- मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा प्रमाणपत्र तह (Diploma in Physiotherapy/CPH) उत्तीर्ण गरेको।
- नेपाल स्वास्थ्य व्यवसायी परिषद् (NHPC) मा दर्ता भई म्याद नसकिएको प्रमाणपत्र भएको।
- १८ बर्ष पूरा भई ४५ वर्ष नपुगेको, नेपाली नागरिक।

३. मुख्य उद्देश्य:

- बिरामीहरूको शारीरिक गतिशीलतामा सुधार ल्याउन, दुखाइ व्यवस्थापन गर्न र अपाङ्गता रोकथामका लागि गुणस्तरीय फिजियोथेरापी सेवा प्रदान गर्नु।

४. मुख्य कार्यहरू तथा जिम्मेवारीहरू:

- बिरामीको उपचार: फिजियोथेरापिस्ट वा सम्बन्धित चिकित्सकले तयार गरेको उपचार योजना अनुसार बिरामीहरूलाई व्यायाम (Therapeutic Exercises) र अन्य प्रविधिहरू प्रयोग गरी उपचार गर्ने।
- विद्युतीय उपचार (Electrotherapy): अल्ट्रासाउण्ड, टेन्स (TENS), ट्र्याक्सन, तातो वा चिसो सेकाई (Heat/Cold Therapy) जस्ता उपकरणहरू सुरक्षित रूपमा सञ्चालन गर्ने।
- अन्तरंग (IPD) सेवा: वार्डमा भर्ना भएका बिरामीहरू (विशेष गरी अर्थोपेडिक वार्डमा भर्ना भएका बिरामी) लाई बेड-साइड फिजियोथेरापी सेवा प्रदान गर्ने।
- पुनःस्थापना (Rehabilitation): शल्यक्रिया भएका बिरामीहरूलाई पुनः पुरानै अवस्थामा फर्काउन मद्दत पुऱ्याउने र सहायक उपकरणहरू (बैसाखी, वाकर आदि) प्रयोग गर्ने तरिका सिकाउने।
- परामर्श र शिक्षा: बिरामी र तिनका आफन्तलाई घरमा गर्नुपर्ने सामान्य व्यायाम र शारीरिक अवस्था (Postures) बारे जानकारी तथा परामर्श दिने।
- उपकरण व्यवस्थापन: फिजियोथेरापी विभागमा रहेका मेसिन र उपकरणहरूको दैनिक हेरचाह, सरसफाइ र मर्मत-सम्भारमा ध्यान दिने।
- अभिलेख व्यवस्थापन: बिरामीको दैनिक उपचार रिपोर्ट, प्रगति विवरण र विभागको मासिक तथ्याङ्क अद्यावधिक राख्ने।

समन्वय: हाडजोर्नी विशेषज्ञ, न्युरोलोजिस्ट र अन्य स्वास्थ्यकर्मीहरूसँग बिरामीको उपचारको विषयमा समन्वय गर्ने।

डा. मोहम्मद नुरुल होदा
प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राप्ती प्रादेशिक अस्पताल
तुलसीपुर, दाङ

email:raptizonalhospital@gmail.com
फोन नं.: ०८२-५२०११६

प.स.- २०८२।०८३
च.नः-

५. कार्य समय:

- अस्पतालले तोकेको सिफ्ट र नियमित कार्यालय समय।
- अस्पतालको आवश्यकता अनुसार आकस्मिक समयमा पनि सेवा दिनुपर्नेछ।

६. पारिश्रमिक र सुविधा, विदा:

- नेपाल सरकारको स्वास्थ्य सेवातर्फको पाँचौ तहको सुरु तलब स्केल ।
- लुम्विनी प्रदेश सरकारको करार सम्बन्धि कार्यविधि अनुसार विदाको सुविधा हुनेछ ।

७. सुपरिवेक्षण र प्रतिवेदन:

- फिजियोथेरापिस्ट सहायकले अस्पतालको सम्बन्धित विभाग प्रमुख (Department Head) वा प्रमुख मेडिकल सुपरिटेन्डेन्टले तोकेको अधिकारी मातहत रही कार्य गर्नुपर्नेछ र दैनिक कार्य प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

८. आचारसंहिता:

- बिरामीको गोपनीयता र मानव अधिकारको सम्मान गर्नुपर्नेछ।
- व्यावसायिक नैतिकता र अस्पतालको नियमहरूको पूर्ण पालना गर्नुपर्नेछ।

डा. मोहम्मद नुरुल होदा
प्रमुख मेडिकल सुपरिटेन्डेन्ट